परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक १६ २०८१ मंसिर १६ आईतवार Sunday 1, DEC 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## १० नं. वडा कार्यालयले बनाईं रहेको व्यायमशाला स्थलमा जबरजस्ती मन्दिर बनाउँदै

विराटनगर । विराटनगर महानगरपालिकाले एक वडा एक व्यायमशाला निती अन्तर्गत विराटनगर महानगरपालिका वडा नं. १० मा निर्माण गर्न लागिएको व्यामशालामा केही व्यक्ति विशेषले जबरजस्ती कृष्ण मन्दिर बनाउन लागेका छन् ।

विराटनगर वडा नं. ८, १४ र १० पर्ने यादव चौक नजीक वडा नं. १० ले आर्थिक वर्ष २०८०/०८१ मा सार्जजनिक जग्गामा खुल्ला व्यामशाला निर्माणको लागि १० लाख बजेट विनियोजन गरिएको थियो । सोही बजेटबाट सो जग्गामा कम्पाउण्ड वाल लगाई सकेको छ । यादव चौक पार्क तथा खुल्ला व्यायम शाला निर्माण शिर्षकमा पुन: २०८१/०८२ को लागि २५ लाख बजेट विनियोजन गरेको छ ।



यादव चौक पार्क तथा खुल्ला व्यायमशाला निर्माण स्थल

तर सोही स्थानमा २०८१ सालको कृष्णजन्माष्टमीको अवसरमा कृष्णको मुर्ति राखेर जन्मोत्सम मनाएको थियो । अहिले सोही स्थानमो विराटनगर-१४ का उपेन्द्र यादव, भोला यादव, विन्देश्वर यादव, वडा नं. ८ का कृष्ण यादव र वडा नं. १० का लगायत केही व्यक्तिले जवरजस्ती कृष्ण मन्दिरको शिलान्यास गरी ४ वटा पिलर समेत गाडी सकेका स्थानीहरुले वताए ।

एक स्थानीयले भने उक्त क्षेत्रमा मन्दिरहरु धेरै छन तर पार्क र व्यायम शाला थिएनन् । मानिसलाई स्वास्थ्य रहनको लागि पार्क र व्यायम शाला अहिलेको आवश्यकता छ तर केही गलत व्यक्तिको कारण वडावाट आएको योजनामा अन्य कार्य गर्नु गतल भएको वताए ।

धर्मबाध सडकवाट विहान बेलुका सयौ मान्छे मोर्निङ्ग र इभनिङ्ग वाक गर्न जान्छ । यहाँ व्यायम शाला निर्माण कार्यको वोर्ड हेरर मोर्निङ्गक संगै व्यायम पनि गर्न पाईन्छ भनेर खुशी सुधिर ढुंगाना खुशी भएको थिए । तर सोही स्थानमा मन्दिर निर्माण कार्य देख्दा खल्लो लागेको ढुंगानाले वताए ।

वांकी अन्तिम पेजमा...

## ग्रमथानमा आज निर्वाचन हुँदै, चार स्थान सम्वेदनशील

विराटनगर । मोरङको ग्रामथान गाउँपालिकामा आइतवार (आज) हुने अध्यक्ष पदको उपनिर्वाचनलाई लक्षित गर्दै सुरक्षा व्यवस्था कडा बनाइएको छ ।

जिल्ला सुरक्षा समितिले १२ मतदान स्थल मध्ये ४ वटालाई संवेदनशील र ८ वटालाई सामान्य सूचीमा राखेको छर

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईका अनुसार मतदान स्थलको वर्गीकरण विगतका निर्वाचनमा देखिएका झै-झगडा र विवादका आधारमा गरिएको होर ग्रामथानमा अति संवेदनशील स्थल भने नरहेको बताए ।

विभिन्न सुरक्षा व्यवस्थाका उपायहरू अपनाउने भएको छर संवेदनशील स्थलमा प्रहरी निरीक्षकको नेतृत्वमा सुरक्षा बल परिचालन, सामान्य स्थलमा वरिष्ठ सहायक निरीक्षक (सइ) र सहायक निरीक्षक (सइ) को नेतृत्व, मतदानका दिन ४ वटा मोबाइल गस्ती टोली परिचालन, मुख्य नाकामा ब्लक र सहायक मार्गमा चेकप्वाइन्ट, रिजर्भ र स्ट्राइकिङ टोलीको तयारी अवस्थामा रहने छ ।

मोरङ प्रहरी प्रमुख नारायणप्रसाद चिमरिका अनुसार उपनिर्वाचनलाई लक्षित गरेर डीएसपीको नेतृत्वमा सुरक्षाकर्मी खटाइएको छ ।

उम्मेदवारी र सुरक्षा चुनौती : ग्रामथान गाउँपालिकाको अध्यक्ष पदका लागि १५ दल र १ स्वतन्त्र उम्मेदवार गरी १६ जनाको उम्मेदवारी चुनावी मैदानमा छर राजनीतिक दलहरू बीचको प्रतिस्पर्धा र सम्भावित विवाद सुरक्षाका प्रमुख चुनौतीका रूपमा रहेको सुरक्षा निकायको विश्लेषण छ ।

मतदानका दिन ग्रामथान

वांकी अन्तिम पेजमा...

## सभापतिहरूको भेला विराटनगरमा

विराटनगर । नेपाली कांग्रेस पार्टीलाई थप संगठित वनाउन नेपाली कांग्रेसले नेपालभरीका ५ वटा महानगरपालिकाका महानगर सभापति सहित कोशी प्रदेशका सभापतिहरुको भेला विराटनगरमा हुने भएको छ ।

नेपाली कांग्रेस पार्टी कार्यालय विराटनगरमा पत्रकार सम्मेलन गरी आयोजक समितिका संयोजक दिपक चपागाईले मंसिर १८ गते मंगलवार देखि २ दिने भेला विराटनगरको जैनभवनमा आयोजना हुन लागेको भन्दै भेलामा कोशी प्रदेसका १४ वटै जिल्लाका जिल्ला सभापति, क्षेत्रिय सभापति तथा नगर सभापति सहित कोशी प्रदेसका १ सय ३७ वटै पालिकाका पार्टी सभापतिहरुको सहभागिता रहने वताए ।

उक्त भेलालाई विराट नगरको जैन भवनमा नेपाली कांग्रेसका वरिष्ठ नेता एंव सांसद डा शेखर कोइरालाले समुद्घाटन उद्घाटन गर्नुहुने छ । नेपाली कांग्रेसको पालिका स्तरिय सभापतिहरुको सम्मेलनमा कोशी प्रदेसका पालिकाका पार्टी सभापति सहित विराटनगर महागनर पालिका, काठमाण्डौ महा नगरपालिका, पोखरा महानगरपालिका, विरगन्ज महानगरपालिका तथा ललितपुर महानगर पालिका महानगर सभापतिहरुको सहभागिता रहने जनाएको छ ।


भेलाको उद्घाटन शत्र विराटनगरमा हुने छ भने दोश्रो दिनको वन्दशत्र मोरङको वेलवारीमा हुने छ । भेलालाई नेपाली कांग्रेसका नेता अर्जुन नरसिंह केसी, एनपी साउथ, डिना उपाध्याय, डा मिनेन्द्र रिजाल, गुरुराज घिमिरे तथा

वांकी अन्तिम पेजमा...

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**तिर्थेन्द्र न्यौपाने (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. ११ को कार्यालय**



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## १० नं. वडा...

त्यसैगरी विहान मोरनिङ्ग वाक गर्ने अर्का व्यक्ति खगेश मण्डलले जतुवाको आसपास त चारै तिर मन्दिर त छदै छ वडा नं. १० ले वनाउन लागेको यादव चौक पार्क तथा खुल्ला व्यामशालाले वडा नं. ८, १४ र १० का आमजनता लगायत विहान मोर्निङ्ग वाकमा आउने जाने समेतले व्यामशालामा व्यायम गरी स्वस्थ्य रहन्थ्या मन्दिर त अरु तिर पनि वनाउँद हुन्छ वहांको भनाई छ ।

विजय कुमार यादव समेतले यादव चौक पार्क तथा खुल्ला व्यायम शाला निर्माण लागि घेरावेरा गरेको स्थानमा कृष्णजन्माष्टमी मेला लगाउन पाउँ भनी १० नं. वडा कार्यालयवाट सिफारीश माग गरिएको थियो । सोही आधारमा सोही दिन वडा अध्यक्ष अर्जुन गिरीले २०८१ साल भाद्र १० गते कृष्णजन्माष्टमी मेला आयोजना गर्नका लागि अनुमति प्रदानगरी सहयोग पऱ्याई दिन जिल्ला प्रशासन कार्यालय मोरंगलाई अनुरोध गरेको थियो ।

जन्माष्टमीमा कृष्णको मुर्ति बनाई पुजापाठ गरी मेलालगाई मुर्ति सेलाउनु पर्नेमा सो नगरी कृष्ण मन्दिरको लागि मन्दिरको शिलन्यास गरेको छ । उक्त कार्यले यादव चौक पार्क तथा खुल्ला व्यायम शाला निर्माण कार्य ओझेलमा पर्दा स्थानीय वासी दुःख गरेका छन् ।

## सभापतिहरूको...

कोशी प्रदेसमा रहेका नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा कोशी प्रदेसका पार्टी सभापतिले संबोधन गर्ने गरी कार्यक्रम तयारी भएको संयोजक चापागाईले वताए ।

पार्टी सुद्धिढिकरणका लागी पार्टीको विधानका विषयमा पार्टी सभापतिहरुलाई जानकारी गराउन भेलाको दोश्रो दिन सहभागिहरुलाई प्रशिक्षण दिने कार्यक्रम रहेको रहेको छ । नेपाल जेसिजका पुर्व अध्यक्ष श्रीधर वस्यालले सहभागिहरुलाई प्रशिक्षण दिनुहुने कार्यक्रम रहेको छ । भेलामा ३ सयभन्दा वढिको सहभागित रहने आयोजक समितिले जनाएको छ । भेलामा आउने सहभागिहरुका लागि आवासका व्यवस्था गरिसकेको जानकारी आयोजकले गराएका छन् ।

उक्त भेला गर्नका लागि करीव ८ देखी ९ लाख रुपैया लाग्ने भएकाले सो रकम पार्टी भित्रैवाट श्रोत जुटाएको आयोजक समितिका संयोजक चपागाईले जानकारी गराउँदै यो समग्र कांग्रेसका भेला भएकाले यसले पार्टीलाई थप संगठित वनाउने उहांको दावी छ । स्थायिन पर्यटन प्रवद्धनका लागि समेत जोड दिन सो भेला उत्तरी मोरङ सुन्दर नगरि वेलवारीमा समेत आयोजना गरिएको वहाँको भनाई छ ।

## एनपीएल...

मा मानिस र सवारीसाधनको अनधिकृत प्रवेश रोक्न मुख्य नाकामा चेकपवाइन्ट राखिनेछर साथै, निर्वाचन विरोधी गतिविधिलाई तत्काल नियन्त्रणमा लिने रणनीति तयार गरिएको छर

जिल्ला सुरक्षा समितिले मतदाता, मतदान स्थल, मतपेटिका ढुवानी, मतगणना स्थल र विजय जुलुस सम्मलाई लक्षित गरी एकीकृत सुरक्षा योजना लागू गरेको छ ।

प्रमुख जिल्ला अधिकारी भट्टराईका अनुसार, "निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन सुरक्षा निकायहरू पूर्ण रूपमा तयार छन्। गलत गतिविधि रोक्न विशेष योजना तयार गरिएको छ ।"

मतदान सम्पन्न भएपछि मतपेटिकाको ढुवानी र मतगणनास्थलको सुरक्षा विशेष प्राथमिकतामा रहने छ ।

## साईकल यात्रीको मृत्यु

विराटनगर । मोरङको सुन्दरहरैचा नगरपालिका-५ दुलारी स्थित पुर्व पश्चिम लोकमार्गमा हायस गाडीको ठक्करबाट साईकलयात्रीको मृत्यु भएको छ । मंसिर ९ गते दिउँसो इटहरीबाट गछिया तर्फ जादै गरेको बा. प्र ०८-००१ च ०४७ नम्बरको हायस गाडीले दक्षिणबाट उत्तर तर्फ साईकलमा बाटो काट्दै गरेका सुन्दरहरैचा-४ का ४४ बर्षीय चन्द्र कुमार राईलाई ठक्कर दिई गम्भिर घाईते भएकोमा बि.पि. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा उपचारको क्रममा उनको मृत्यु भएको थियो ।

हायस र हायस चालक झापा भद्रपुर नगरपालिका-८ का २६ बर्षिय विशाल दासलाई इलाका प्रहरी कार्यालय बेलबारीले नियन्त्रणमा लिएको छ ।


# लैङ्गिक हिंसाबाट सचेत बनौं

शारीरिक हिंसा :-
- कुटपिट गर्ने, जिउ पोल्ने, डाम्ने, कुरुप पार्ने घरबाट निकाला गर्ने ।

मानसिक हिंसा :
- गाली गलौच गर्ने, अपमानीत गर्ने, डर धम्की र त्रासपुर्न व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसा :
- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जवरजस्ती करणी गर्ने, देहव्यपारमा लगाउने,

यस्ता कार्य लैगिंक हिंसाका घटना हुन् , यस्ता घटना विरुद्ध सचेत होऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



# वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

जीतन थापा (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ४ को कार्यालय



# पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



# वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

सन्तोष न्यौपाने (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ५ को कार्यालय


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# खेलकुद देशको गौरव

कुनैपनि देशलाई विश्व भरी चिनाउने माध्यम खेल नै हो । खेलकुदको विकास गर्न सकेमा स्वदेशमात्र नभएर देशको नाम विदेशमा समेत चर्चाको विषय बन्दछ । शनिवार देखि शरु भएको एनपीएल क्रिकेट प्रतियोगिताले विश्वको ध्यान समेत नेपाल माथि परेको छ । क्रिकेट खेलमा नेपाल खेलाडीहरुको भविष्य पनि छ । सरकारले खेलकुदमा लगानी बढाएर लाने हो भने नेपाल अन्तराष्ट्रिय उपलब्धी समेत हासिल गर्न सक्ने छ । खेलकुदको विकासले समग्र आर्थिक अवस्था चलायमान हुन्छ ।

मुलुकमा भई रहेको आइपीएलले सारा नेपालीको ध्यान त्यतै केन्द्रित भएको छ। नेपाली खेलाडीको लागि आइपीएलले नयाँ ढोका खोल्ने विश्वास लिएको छ । जसले गर्दा नेपाली खेलकुद विश्व जगतमा परिचित हुने नै छ । खेलकुद संगै नेपालको अर्थ पनि चलायमान हुने र पर्यटन क्षेत्रलाई समेत प्रत्यक्ष अप्रत्यक्ष रुपमा फाईदा हुने छ । सरकारले पनि एकवर्ष भित्र कीर्तिपुर क्रिकेट मैदानलाई आधुनिक स्तरको क्रिकेट रंगशाला बनाउने घोषणाले क्रिकेट खेलाडीहरु खुशी भएका छन् ।

राजनीतिक नेतृत्वले पनि खेलकुदलाई प्राथमिकतामा राखी खेलाडीहरुको हौसला वढाउनु पर्छ । स्वास्थयको लागि खेलकुद अनिवार्य भएकोले खेलकुदमा बजेट बढाएर समग्र खेलकुदको विकासमा ध्यान दिन जरुरी छ। एनपीएलको आयोजनाले सरकारलाई क्रिकेटका थप पूर्वाधार विकासमा अझै दबाब परेको छ। यसलाई सकारात्मक रुपमा लिएर खेलाडीहरुलाई व्यवसायीक खेल खेल्न र खेलमै आत्म निर्भर बनाउन सके खेलप्रति यूवाहरुको आकर्षन पढ्ने छ ।

# अबको विद्रोह नागरिकको असहयोग आन्दोलन

**हाम्रो देश त राज्यको नीति-नियम र सेवा-सुविधाले जनता जोगिएको देश हैन, उल्टो जनताको संयम, सहयोग र को-अपरेशनबाट सरकार बाँचिरहेको देश (पिपल ड्रिभन सोसाइटी) हो। तसर्थ, जनताको सानो असहयोगले राज्य तत्क्षण ढल्न सक्छ ।**

सुवास पौडेल

आम निर्वाचनको दौरानमा कुनै न कुनै एजेन्डा हावी हुँदै गर्दा उत्साह पनि उस्तै हुन्छ। २०६४ सालको निर्वाचन माओवादीप्रति नयाँ नेपाल निर्माणको उच्चतम आशा र उत्साह बोकेर सम्पन्न भएको थियो। २०७० सालमा संविधान सभाबाट संविधान निर्माणको सपना पूरा गर्न नेपाली कांग्रेसको नेतृत्व चाहिन्छ भन्ने एजेन्डा प्रधान भयो। २०७४ सालको निर्वाचन संविधान निर्माण पछाडि स्थिर सरकार मार्फत विकास र समृद्धि हासिल गर्ने सपना बोकेर सम्पन्न भयो। तत्कालीन समयमा केपी ओलीले रेल, पानीजहाज र ग्याँसका पाइप लाइनका रोमान्टिक सपना बेचे र बिके पनि।

तर करिब दुई तिहाइ बहुमतको सरकार संचालनको अवसर प्राप्त गर्दा पनि पटक-पटक संसद् विघटन गरी स्थिर सरकारको नारालाई धज्जी उडाएका उनले विकास र समृद्धिको सपनालाई पनि पानीजहाजसँगै बगाइदिए। गत आमनिर्वाचन २०७९ मात्र इतिहासमै त्यस्तो निर्वाचन भयो, जहाँ कुनै पनि दलसँग बेच्नको लागि कुनै एजेन्डा थिएन। देखाउने कुनै सपना थिएन। जनतामा कुनै उत्साह थिएन। नेतृत्वप्रति भरोसा र विश्वास थिएन। तर पनि निर्वाचन थियो, जनताले आफ्नो कर्म निर्वाह गरे।

बहुमत कांग्रेसलाई दिए तर सरकार कहिले माओवादी त कहिले एमालेले संचालन गरिरहेको छ। छिनछिनमै सरकार फेरेर सबै सांसदहरूलाई रोटेशनमा मन्त्री उपहार अपरिहार्य संस्कार जस्तै बनिसकेको छ। यो एउटा पार्टीमा मात्र सीमित छैन। दलहरूले राजनीतिलाई नाफामूलक व्यवसाय जसरी प्रयोग गरिरहेका छन्।

मूलधारका दलहरूको आन्तरिक रूपान्तरण र देशको शासनशैलीमा सकारात्मक दबाबका लागि वैकल्पिक राजनीतिको उदय ग्राह्य थियो। तर रवि लामिछानेको विवादित छविका कारण छोटो समयमा उदाएको नयाँ दलले पनि वैकल्पिक राजनीतिको 'स्पेश' गुमाउँदै गएको छ।

नेपाली जनता प्रत्येक पटक कुनै न कुनै आशाको सहारा लिएर हरेक निर्वाचनमा आफ्नो छनोट अदलबदल गरिरहन्छन्। पुराना दलको विकल्प नयाँ दल वा पुराना नेताको विकल्प नयाँ नेता आदि-इत्यादि कुनै न कुनै रूपमा चित्त बुझाउने 'अप्सनहरू' पर्खिरहेका जनतालाई नयाँ दलका मूल नेता पनि नमज्जाले स्खलित भएको पाउँदा मौजुदा प्रणाली नै दोषी भएको भ्रम सिर्जना भई 'मास फ्रस्टेसन' निम्तिन सक्ने जोखिम रहन्छ नै।

नेताहरूको खटनपटनको द्वन्द्वबाट दलहरूकै अस्तित्व रक्षात्मक भएपश्चात् राजनीतिक धर्मविपरीत फरक ध्रुवको नेतृत्व गर्नुपर्ने दुई ठूला दल, मिलीजुली राजकाज संचालन गर्ने मोडमा आइपुग्नु संयोग मात्र हैन, अन्तिम विकल्पको प्रयोग हो। तर दुई ठूला दलको शक्तिशाली संयुक्त सरकारको १०० दिन पनि उस्तै निराशाजनक ढंगले गुज्रियो।

विपत्तिले जनताको घरबास उठिरहेको अवस्थामा सरकार छ कि छैन कसैलाई अनुभूत हुँदैन। अनि एक्कासी प्रधानमन्त्री सम्बद्ध दलको पार्टी कार्यालयलाई डुबानबाट जोगाउन भन्दै सुविधासम्पन्न कार्यालय भवनको शिलान्यास हुन्छ। १ अर्ब ६९ करोड कर छली गरेको कसूरमा अदालतले दण्डित गरिसकेको र अर्का २ वटा मुद्दा सरकार आफैं वादी भएर अदालतमा विचाराधीन रहेको अभियुक्तसँग देशको प्रधानमन्त्रीले पार्टीको नाउँमा करोडौं मूल्य बराबरको खुल्लमखुल्ला 'लाभ' लिएको समाचार आउँछ।

वास्तवमा नेपाली जनता निकै संयमित र धैर्यवान् छन्। सुशासन र डेलिभरी मार्फत जनतालाई कुनै राहत नदिए पनि स्वार्थैं-स्वार्थको छिनाझपटीमा सरकार अदलबदल र एकपछि अर्को काण्डहरू मार्फत राजनीतिक 'इरिटेशन' नदिंदासम्म नेपाली जनता सरकारसँग कुनै अपेक्षा नै नगरी संयमतापूर्वक आफ्नो दिनचर्या चलाएर बस्छन्। तर पछिल्लो समय राजनीतिक इरिटेसनको पारो ह्वात्तै बढेको छ। सुशासन र डेलिभरीको खस्कँदो ग्राफसँगै जनताले नेता र नेतृत्वसँग विस्तारै दूरी बढाउँदै लागेको देखिन्छ।

तसर्थ, यथास्थितिमा केही पनि रूपान्तरण नभएमा नेपालमा पुनः एकपटक अर्को आन्दोलन वा विद्रोह अवश्यम्भावी देखिएको छ, २०८४ को निर्वाचन अगाडि कि पछाडि भन्ने मात्र मूल विषय हो। सत्तालिप्सा, राजनीतिक भागबन्डाको मोलमोलाइ, नीतिगत भ्रष्टा चार र कुशासनका समाचार हरूले 'इरिटेशन' भइरहेको र आर्थिक शिथिलताले निराश बनाइरहेको वर्तमान स्थितिमा फेरि पनि सरकार अदलबदलकै घनचक्करमा पार्टीहरू लागे भने २०८४ को निर्वाचन अगावै नेपालमा विद्रोह हुन सक्छ।

यो निराशाको बीचमा पनि यदि दुई वर्ष ओली सरकार टिक्यो र त्यसपछि पुनः अर्को सरकार जसको बने पनि बाँकी पूरै अवधि टिक्यो भने दलहरूलाई अन्तिम पटक सुध्रिन मौका मिल्नेछ।

नेपालमा अब पहिले जस्तो राजनीतिक दल, दलका नेताहरू वा पाका मानिसहरूको अगुवाइ वा आह्वानमा विद्रोह सम्भव छैन। दलहरूलाई लागिरहेको होला-नेपालमा सम्भावना र भविष्य नदेखेर विदेशिने युवाहरूको लर्को लागिरहेको अवस्थामा विद्रोह गर्ने कोही त छैन !

एउटा कुरा सत्य हो, नेपालमा अबको विद्रोह बंगलादेश, श्रीलंका वा नेपालकै २०६२/६३ जस्तो सडकबाट हुने सम्भावना कम छ। अबको विद्रोहको अभियानकर्ता मूलतः १५ देखि ३० वर्ष आसपासका नयाँ युवाहरू हुनेछन्, जो स्वदेश र विदेशबाट स्वतस्फूर्त

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# अवार्डीहरुकै स्पोन्सर र सहयोगमा भएको मान इंटरनेशनल अवार्ड

विराटनगर । मैथली एसोसिएशन नेपालले मान इंटरनेशलन अवार्ड कार्यक्रम सम्पन्न गरेको छ ।

विवादीत मान इंटरनेशनल अवार्ड सम्पन्न भएको हो ।

सम्वन्धमा विभिन्न संचार माध्यममा मान इंटरनेशल अवाडवाट सम्मानित हुनेहरुवाटै नगद १० संकलन गरेको समाचार आएपछि मैथली एशोसिएशन नेपालका अध्यक्ष प्रवीण नारायण चौधरीले पत्रकार सम्मेलन गरी अवार्ड पाउनेहरु वाटै स्पोन्सर गराएको कुरा पुष्टी गरेका थिए ।

मान इंटरनेशनल अवार्ड २०२४ सम्वन्धि जानकारी दिन गरिएको पत्रकार सम्मेलनमा सो कुरा पुष्टी गरेको थियो । अवार्डको लागि आवेदन लिने प्रक्रिया र सहभागीसंग रकम असुल गरेको प्रक्रियाहरुमा केही त्रुट्टी भएको स्वकार गर्दै अगामी दिनमा त्यस्ता त्रुट्टिहरुलाई सच्याउँदै जाने प्रतिवद्धता अध्यक्ष चौधरी जनाएका थिए ।

अवार्ड कार्यक्रमको सम्पूण तयारी पुरा भई सकेको जानकारी गराउँदै चौधरीले भने मंसिर १५ गते विराटनगरको स्वगतम होटलमा हुने "मान इंटरनेशनल अवार्ड २०२४" नेपाल र भारतका स्पोन्सर गर्ने ६० जनालाई प्रदान गरीनेछ भने ४५ जनालाई गेष्ट अफ अनरवाट सम्मान गरिने अध्यक्ष चौधरी वताए पनि कुनै पनि सुधार नगरी कार्यक्रम सम्पन्न गर को हो ।

रकम लिएर अवार्ड प्रदान गर्ने कार्यले वास्तविक काम गर्ने अभियन्ताहरु ओभमलमा पर्ने, अवार्ड कार्यक्रम एकलौटी भएको संचारकर्मीहरुको प्रश्नमा अवार्ड पनि व्यवसायीकरण हो जसले स्पोन्सर गरेको छ वा १० हजार रकम तिरेको छ त्यसैलाई नै अवार्ड दिने हो दावी गर्दै तपाईहरुको सुझावलाई अगामी दिनमा आत्मसात गरी अगाडी वढ्ने अध्यक्ष चौधरीले वताएका थिए । उक्त कार्यक्रमको लागि करीब १० लाख खर्च हुने अनुमान गरेका थिए । कार्यक्रम पश्चिात सम्पूर्ण हरहिसाव सार्वजनिक गर्ने आयोजकले प्रतिवद्धता जनाएका थिए ।

त्यसैगरी मैथिली एसोसिएशन नेपाल (मान) नामक गैरसरकारी संस्था केन्द्रिय कार्यालय विराटनगर-१२ का अध्यक्ष प्रवीन नारायण चौधरीले "स्पोन्सर"को नाममा १० हजार लिएर "मान इन्टरनेशनल अर्वाड २०२४" ले सयौं जनालाई सम्मान गर्ने कार्यप्रति संचारकर्मी, मैथली भाषा भाषीका अगुवाहरु र संचारसंग सम्वन्धित संस्थाहरुले आपत्ती जनाएका थिए ।

मैथली सञ्चारकर्मी संघ नेपाल, मधेशी पत्रकार समाज, मोरंग र प्रेस मञ्च नेपालले संयुक्त प्रेस विज्ञप्ती जारी गरी सम्मान योगदान प्रति आधारीत हुनु पर्नेमा सो कार्य नगरी जसले १० को स्पोन्सर गर्ने उसैलाई सम्मान गर्ने कार्यप्रति आपत्ती जनाएको थियो ।

उक्त विज्ञप्तीमा भनिएको छ मैथिली एसोसिएसन नेपाल, विराटनगरद्वारा होटल स्वागतम मा होटलमा मंसिर १५ गते आयोजना गर्न लागिएको "मान इन्टरनेशनल अवार्ड २०२४" कार्यक्रम मैथिली भाषाको पहिचान, सम्मान, र संरक्षणका लागि आयोजना हुनुपर्नेमा सो नभई सम्मान गर्ने व्यक्ति वाटै स्पोन्सरको नाममा आयोजकले १० हजार मागेर गलत गतिविधी आपत्तिजनक रहेको छ ।

यस्तो कार्यले अवार्डको वास्तविक मर्म र योगदानलाई उपहास गरेको छ । मैथिली भाषाको उत्थानका लागि योगदान गर्ने व्यक्तिहरूलाई उचित सम्मान दिनुको सट्टा, जो कोहीले पैसा तिरेर अवार्ड पाउने प्रचलनले यो कार्यक्रमको उद्देश्य र विश्वसनीयताम माथि समाजमा गम्भीर प्रश्न उठाएको मंसिर ११ गते निकालिएको प्रेस विज्ञप्तीमा उल्लेख छ ।

मैथिली भाषा उत्थानको नाममा यस्तो स्वार्थपरक र व्यापारिक गतिविधि हुनु दुर्भाग्यपूर्ण भएको भन्दै यस किसिमको अभ्यासले वास्तविक योगदानकर्ता हरूलाई निरुतसाहित गर्नुका साथै भाषा र संस्कृति संरक्षणका नाममा व्यापारि करण गर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्ने खतरा रहेका ठहर छ ।

हामी, मैथिली भाषाप्रेमी र संस्कृतिप्रति प्रतिबद्ध सबै पक्ष, यस्ता गतिविधिहरूप्रति कडा आपत्ति जनाउँदै आयोजकहरूलाई यस्ता क्रियाकलाप तुरुन्त रोक्न आग्रह विज्ञप्ती मार्फत आग्रह गर्दै वास्तविक योगदानकर्ताहरूको सम्मान हुने गरी कार्यक्रमको उद्देश्यलाई सही दिशामा अघि बढाउन सबै पक्षबाट दबाब सिर्जना गर्न सञ्चारसंग सम्वन्धित संस्थाहरुले अनुरोध गरेका थिए ।

# प्रेमीकालाई हत्या गरेको आरोपमा प्रेमी पक्राउ



विराटनगर । मधेश प्रदेश धनुषा जिल्लाको जनकनन्दिनी गाउँपालिका-५ उधा टोलमा प्रेमिकाको हत्या गरेको आरोपमा प्रेमी सहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रेमी र प्रेमिकाको विवाहको विषयलाई लिएर भएको विवादमा २० वर्षीया रेखा कुमारी मण्डलको हत्या प्रेमीकाले गरेका छन् ।

रेखाको शव जनकनन्दिनी गाउँपालिका ४ खजुरी स्थित आमा खोलामा हत्या गरी प्लास्टिकको बोरामा राखेर फालेको अवस्थामा गत मंसिर ८ गते दिउँसो साढे ३ बज फेला परेको थियो ।

हत्याको आरोपमा धनुषा प्रहरीले जनकनन्दिनी गाउँपालिका-३ का २२ वर्षीय रामललित खत्वे मण्डल, २० वर्षीय ज्ञानेन्द्र दास र धनुषाको शहिदनगर नगरपालिका ८ नाथपट्टीका २४ वर्षीय रमेशकुमार मण्डललाई प्रहरीले पक्राउ गरेको हो । उनीहरुलाई गत बिहीबार प्रहरीले पक्राउ गरेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी बरुणबहादुर सिंहले जानकारी दिए ।

डिएसपी सिंहका अनुसार मृतक रेखाको हत्याका मुख्य आरोपी रामललित हुन् । चारवर्षदेखि रेखा र रामललितबीच प्रेम सम्बन्ध रहेको र विवाह गर्ने विषयमा भएको विवादमा हत्या भएको अनुसन्धानबाट खुलेको छ । थप अनुसन्धान भई रहेको छ ।

# अध्यक्ष र व्यवस्थापन प्रमुखहरुको तालिम सम्पन्न



विराटनगर । सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापन प्रमुखहरुको दुई दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

तालिम कार्यक्रमको प्रमुख अतिथी कोशी प्रदेश सहकारी रजिष्टार कार्यालयका प्रमुख हरि बहादुर खत्रीले भने केही नराम्रा काम गर्ने सहकारीका व्यक्तिका कारण सवै सहकारी बदनाम भएका छन् । तर केही दिनमा त्यस्तो सहकारीहरु आफै समाप्त भएर जान्छ । त्यसैले हामी आ-आफ्नो सहकारीमा सहकारी ऐन र नियमावली अनुसार काम गरे सहकारी सबभन्दार राम्रो व्यवसाय हुने वताए ।

मोरंगका १८ वटा सहकारीबाट ३६ जना सहभागीहरुलाई पहिलो दिन सहकारीको अवसधारण, सिद्धान्त, मुल्य तथा वर्तमान परिदृष्य, संचालक र व्यवस्थापकको एकअर्का बीचको अपेक्षा, संचालक र व्यवस्थापनको भुमिका, व्यवस्थापन प्रतिवेदन निर्माण लगायतका वरेमा प्रशिषण दिएका थिए ।

त्यसैगरी दोस्रो दिन वित्तिय सूचकांकको परिचय, सहभागी संस्थाहरुको वित्तिय सूचकांक को विश्लेशन, सहभागी संस्थाहरुको गैर वित्तिय सूचकांकको विश्लेशन र कार्ययोजना निर्माण लगायत को विषयमा राजकुमार बरालले सहजीकरण गरेका थिए ।

कोशी प्रदेश सहकारी रजिष्टार कार्यालयका प्रमुख खत्री र कार्यक्रमका अध्यक्ष राष्ट्रिय सहकारी बैक कोशी प्रदेशका प्रवन्धक प्रभु पोखरेलले सहभागीहरुलाई प्रमाण पत्र वितरण गरी कार्यक्रम समापन गरेका थिए । सहकारी ज्ञान तथा मार्गदर्शन श्रृखला-२ अन्तरगर्त कार्यक्रम संचालन गरिएको थियो ।

# नक्कली नोट सहित दुई पक्राउ

सुनसरी । सुनसरीको कोशी गाउँपालिका-१ स्थित लौकही बजारबाट नक्कली नोट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा भारत बिहारका ३१ बर्षीय रामनाथ राय र सुन्दरहरैचा मोरङका २० बर्षीय सन्देश उराव रहेका छन । पक्राउ परेका उनिहरुको साथबाट प्रहरीले नेपाली रुपैयाको नक्कली नोट १ हजार दरको ४ थान बरामद गरेको छ । मंसिर १० गते लौकही बजारमा रहेको मनिष किराना पसलमा उनिहरुले सामान किनमेल गरी १ हजारको नोट दिएको थियो ।

उक्त नोट नक्कली रहेको संका लागी पसल धनीले तत्काल प्रहरीलाई खवर गर्नसाथ इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई पक्राउ गरेको थियो ।

प्रहरीले पक्राउ परेका उनिहरुको साथबाट २ थान र सामान किनेको दुईओटा पसलबाट १/१ थान एक हजार दरको नेपाली रुपैयाको नक्कली नोट बरामद गरेको थियो ।

नक्कली नोट सहित पक्राउ परेका दुबै जनाको जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान भईरहेको छ ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

काजी बहादुर बस्नेत (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १ को कार्यालय

(४) वर्ष १३, अंक १६, २०८१, मंसिर १६ गते आईतवार क्राईम अपरेशन

# विराटनगरको संसारीमाई सथानमा लगाईएको भागवतबाट ६३ लाख संकलन

विराटनगर। संसारीमाई स्थान संरक्षक समितिले कार्तिक २३ गतेदेखि २९ गते सम्म लगाइएको भागवत महापुराणबाट ६४ लाख संकलन गरेका छन् ।



संरक्षण समितिले पत्रकार सम्मेलन गरी ७ दिनको महापुराणमा चन्दादतावाट संकलन भएको ६३ लाख १ सय २०, कलस विक्रीवाट १ लाख १३ हजार २ सय ५० र बैक व्याजबाट आएको २ हजार ११ रुपिया ९२ पैसा गरी जम्मा ६४ लाख १५ हजार ७ सय ८१ गरी जम्मा ६४ लाख १५ हजार ७ सय ८१ रुपिया आन्दानी भएको सार्वजनिक गरेको छ।

त्यसैगरी खर्च तर्फ प्रचार प्रसारमा २ लाख २३ हजार ८ सय ३०, मसलन्द छपाई १४ हजार ३ सय ५५, इन्धन ४२ हजार ९ सय ५०, पण्डाल तथा मंच व्यवस्थापन ४ लाख १ हजार, पुजा सामग्री तथा फूलमाला २ लाख २२ हजार ८ सय ९५, आवास खर्च ३१ ह्जार ५ सय, खाद्ययान खर्च ८६ हजार ६ सय ८५, कथा वाचन सेवा १० लाख, विजुली, पानी, मोवाईल खर्च ७ हजार ९ सय ९८, कलश यात्रा ७१ हजार ४ सय ६०, माटो भराई २६ हजार, विविध खर्च १ लाख ८२ हजार ५ सय, जुत्ता चप्पल व्यवस्था ४२ हजार ५ सय, दराज खरीद १५ हजार ५ सय, सक्ती फिर्ता १ लाख ८ सय ४५, गरी जम्मा २४ लाख ७ अजार १८ रुपियाँ खर्च भएको मन्दिर संरक्षण समितिका अध्यक्ष कृष्ण कुमार मास्केले वताए।

खर्च कट्टा गरी बाँकी रहेको रकम बैकमा जम्मा गरी राखिएका छ। चन्दादता हरुवाट आएको रकमवाट संसारीमाई स्थानको संरक्षण र सम्वद्धन खर्च हुने छ।

# टाईमकार्ड लागु तथा चालक प्रतिवद्धतामा हस्ताक्षर

विराटनगर। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, इटहरीको आयोजना तथा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, कोशी प्रदेशको सहकार्यमा कोशी प्रदेशमा सार्वजनिक सवारी साधनको प्रभावकारी व्यवस्थापनका लागि टायमकार्ड लागू गर्ने र चालक प्रतिबद्धता पत्रमा हस्ताक्षर गराउने कार्यक्रम मोरङको सुन्दर हरैचा-७, गछियामा सम्पन्न भएको छ।



नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी प्रमुख प्रहरी उपरीक्षक बिनोद घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्रकुवेर खापुङले प्रमुख आतिथ्यता ग्रहण गर्नु भएको थियो। कार्यक्रममा सार्वजनिक सवारी चालकहरूलाई टायमकार्डको महत्व र जिम्मेवारीबारे जानकारी दिइएको थियो भने चालकहरूले ट्राफिक नियमहरूको पालना गर्ने, निर्धारित समयतालिका अनुसार सवारी सञ्चालन गर्ने, र यात्रुहरूको सुरक्षालाई प्राथमिकता दिने प्रतिबद्धता जनाउँदै चालक प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको हो।कार्यक्रममा बोल्दै प्रमुख अतिथि, खापुङले, सवारी दुर्घटना गम्भिर बिषय भएको र यसलाई न्यूनिकरण सरोकारवाला निकाय सबै जिम्मेवार बन्नु पर्ने जनाउदै “टायमकार्ड प्रणाली लागू गर्नु कोशी प्रदेशमा ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन र दुर्घटना न्यूनीकरण गर्न महत्त्वपूर्ण कदम हुने बिस्वास व्यक्त गरेका थिए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मोरङ प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरिया, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका संयोजक सरोज श्रेष्ठ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका केन्द्रीय अध्यक्ष भिम ज्वाला राई, बिभिन्न यातायात व्यवसायी, मजदुर संघ संगठनका प्रमुख तथा प्रतिनिधीहरु, यातायात व्यवसायी लगायत अन्य ट्राफिक प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# लागुऔषध गाँजा, ब्राउनसुगर सहित ७ पक्राउ

विराटनगर। झापा, मोरंग र सुनसरीबाट लागुऔषध सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मंसिर १४ गते झापाको मेचीनगर नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले को. १२ प ४५७३ नम्बरको मोटर साईकललाई चेकजाँच गर्दा मोटरसाईकल चालक उदयपुर चौदण्डीगढी नगरपालिका-१ घर भई हाल इटहरी-१९ मा बस्दै आएका २८ बर्षीय जिवन कामीको साथबाट ब्राउन सुगर ३ ग्राम फेला पारी पक्राउ गरेको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय पथरी मोरङको प्रहरी टोलीले पथरीशनिश्चरे नगरपालिका-१ बाट औषधी ट्रमाडोल ९२ चक्की सहित झापा दमक-७ का सिबु लिम्बु र मनिष लिम्बुलाई पक्राउ गरेको थियो।

मंसिर १२ गते लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका-६ स्थितबाट शिवसताक्षी नगर पालिका-८ का २१ बर्षीय संजय राईलाई ३ ग्राम २ सय ८० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय दमकबाट खटिए को प्रहरी टोलीले इलाम चुलाचुलीका २८ बर्षीय उपेन्द्र बान्तवालाई दमक नगरपालिका-८ स्थितबाट २ ग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो।

त्यसै गरी मोरङको जहदा गाउँपालिका-१ कि ५० बर्षीया मिरादेवि बैठालाई घरमा लुकाई छिपाइ राखेको १५ केजी लागुऔषध गाँजा सहित इलाका प्रहरी कार्यालय रानीले नियन्त्रणमा लिएको छ भने इलाका प्रहरी कार्यालय चतारा सुनसरीले बराहक्षेत्र नगरपालिका-२ स्थितबाट ट्रामाडोल -४४ पिस क्यापसुल सहित उदयपुर बेलका नगर पालिका-२ का २३ बर्षीय हेमराज न्यौपानेलाई नियन्त्रणमा लिएको थियो।

प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भई रहेको छ।


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश








## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

कुमार पोखरेल (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. २ को कार्यालय

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# अनावश्यक खर्च कटौती गर्दै संरचनाको बाढीलाई रोक्नुपर्ने : मुख्यमन्त्री कार्की



मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले आयोजना गरेको छलफल कार्यक्रम

विराटनगर । अनावश्यक खर्चलाई कटौती गरेर संरचनाको बाढीलाई रोकी पूँजीगत खर्च बढाउनु पर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कील वताएका छन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले अनावश्यक खर्च कटौती गर्दै संरचनाको बाढीलाई रोक्नुपर्ने वताएका हुन् । उहाँले एकै प्रकृतिका संस्थाहरु केन्द्रदेखि स्थानीय पालिकासम्म बन्न थालेकोमा चिन्ता व्यक्त गरेको छ ।

राष्ट्रिय पुँजीको विकास गर्ने विषयलाई प्राथमिकता दिएर काम गर्नुपर्ने बताउँदै उहाँले त्यसका लागि पर्यटन, सूचना प्रविधि, कृषि र निर्माण क्षेत्रमा ध्यान दिनुपर्ने उल्लेख गरेका थिए ।

स्वदेशी उत्पादनलाई बढाउने र निर्यातजन्य उद्योगहरुलाई प्रोत्साहन गर्ने नीति ल्याउँदै प्रदेश र स्थानीय तहले गर्नसक्ने कामलाई उनीहरुको क्षमताको आधार मा केन्द्रले अधिकारहरु दिँदै जानुपर्नेमा मुख्यमन्त्री कार्कीले जोड दिएका थिए । जवाफदेही र उत्तरदायित्वको अभावले पनि सुधार गर्न नसकिएको उल्लेख गर्दै एकै दिनमा गर्न सकिने काम पनि लामो समयसम्म रहने प्रवृत्तिको अन्त्य गर्नु जरुरी रहेको उहाँले बताए ।

प्रशासनिक सुधार र राजश्व उठाउने विषयमा जवाफदेहिता र सहकार्यको मोडलबाट काम गर्न सकिएमा नतिजा आउनसक्ने मुख्य मन्त्री कार्कीका भनाई थियो । कतिपय अवस्थामा सुधारको लक्षण देखापरे पनि त्यसलाई नजरअन्दाज गरेर नकारात्मक प्रचार गर्ने प्रवृत्तिले पनि समस्या उत्पन्न हुने गरेको चर्चा गर्दै नकारात्मक कुराहरुलाई निरुत्साहन गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री राम रानाले असल अभ्यासहरुलाई अन्यत्र लैजाँदै ठूलो पुँजीलाई मात्र होइन साना पुँजीलाई पनि प्रोत्साहन गरेर अगाडि बढ्नु पर्ने जानकारी गराएका थिए । निर्यातमूलक उद्योग लाई प्रोत्साहन गर्दै तत्काल लोकप्रिय हुने कार्यक्रम भन्दा दीर्घकालीन कार्यक्रमहरु अगाडि सार्नुपर्ने वताए ।

कोशी प्रदेश सरकारका मन्त्री, सचिवहरुको उपस्थिति मा आयोगले छलफल कार्यक्रम गरेको थियो । कार्यक्रममा सहभागी भएकाहरुले ऐन नियमहरुलाई सहज र सरल बनाइनु पर्ने, नियमनकारी निकायहरुको भूमिका प्रभाव कारी बनाइनु पर्ने, संघीय संरचना अनुसारको अधिकार लाई प्रत्यायोजन गरेर काम गर्नुपर्ने, रोजगारमूलक उद्योग लाई प्रबर्द्धन गर्नुपर्ने, एकै प्रकृतिका सरकारी कार्यालयहरु लाई तीन तहमा विस्तार गर्न नहुने लगायतका सुझाव दिएका थिए । कार्यक्रमलाई आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले सहजीकरण गरेका थिए ।

# तस्करीको अवैद्ध लत्ताकपडा बरामद

विराटनगर । विराटनगर महानगर पालिकाको छुट्टाछुट्टै स्थानबाट तस्करीको अवैध लत्ता कपडाका सामानहरु सहित १ जनालाई प्रहरी टोलीले पक्राउ गरेको छ ।

बिराटनगर महानगर पालिका वडा नं. १५ स्थित मसुदन खातुनको घरमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोली गई खान तलासी गर्दा भारतको जोगबनीबाट भन्सार छली चोरी पैठारी गरी ल्याई प्लाष्टिकको बोरामा प्याक गरी राखेको अवस्थामा बरामद गरेको हो ।

बरामद गरेको समान हरुमा मोजा-३ हजार ६६० जोर, टाउजर-४६ थान र सुईटर-२४ थान सहित जम्मा अन्दाजी मुल्य रू. १ लाख २६ हजार २ सय बराबरको सामान बरामद गरी मसुदन खातुन समेत लाई नियन्त्रणमा लिई पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारवाहीको लागि भन्सार कार्यालय रानी पठाईएको छ ।

त्यसैगरी विराटनगर महानगरपालिका वडा नं. ९ रोडशेष स्थितमा भारतको जोगबनीबाट नेपालतर्फ अबैध रुपमा भन्सार छली चोरी पैठारी गरी प्लास्टिकको बोरामा प्याक गरी सडक किनारमा राखेको अवस्थामा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटि गएका प्रहरी टोलीले चेकजाँच गर्दा उलन कुर्था सुरुवाल-४१ जोर, उलन सुईटर-३ थान, मोटो उलन कुर्था सुरुवाल-२ जोर सहित जम्मा अन्दाजी मुल्य रू ६६ हजार ६ सय बराबरको सामानहरु बरामद गरी आवश्यक कारवाहीको लागी भन्सार कार्यालय रानीमा बुझाएको छ ।

# लागुऔषध सहति ८ पक्राउ

विराटनगर । प्रतिवन्धित औषधी सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंसिर १० गते बिशेष सुचनाको आधारमा झापाको इलाका प्रहरी कार्यालय दमक र अस्थायी प्रहरी पोष्ट बाह्रघरेबाट खटिएको प्रहरी टोलीले कमल गाउँपालिका-७ का ३८ बर्षीय संदेश बस्नेतलाई उनकै घरबाट ट्रामाडोल ४ हजार ९ सय ३० क्याप्सुल, स्पास्पेन ५ हजार २६ क्यापसुल डिकोलिक ४ सय २० क्याप्सुल सहित पक्राउ गरेको छ भने प्रहरी चौकी कुन्जिबारीको गस्ती टोलीले गौरीगंज गाउँपालिका-१ का २१ बर्षीय उत्तम राजबंशी, १९ बर्षीय गोबिन्द राजबंशी र किरण कोच समेतलाई ९०० मिलिग्राम ब्राउन सुगर, नाईट्राक्रस ८० ट्याव्लेट सहित नियन्त्रणमा लिएको थियो ।

त्यसै गरी सोही दिन सुनसरीको बराहक्षेत्र नगर पालिका-७ का १८ बर्षीय सुजन तामाङ, १८ बर्षीय पर्वत तामाङ र मोरङ बेलबारी-१ का १८ बर्षीय सारुहाङ राईलाई ट्रामाडोल ९५ क्याप्सुल र स्पास्पेन ९५ क्याप्सुल सहित अस्थायी प्रहरी चौकी बाङ्गेले र बेलबारी-२ का २० बर्षीय राकेश लिम्वुलाई बिराटनगर बसपार्कबाट ७९ वटा एम्पुल (फेनारगन, एभिल, डाईजेपाम) सहित सहित वडा प्रहरी कार्यालय विराटनगरले नियन्त्रणमा लिएको थियो ।

उनीहरुको सम्वन्धमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# मिस हेरिटेज पेटिट यूनिभर्सको उपाधी मनिषको पोल्टोमा

**संजय राजवंशी**

विराटनगर । थाइल्याण्डको बैककमा भएको 'मिस हेरिटेज पेटिट युनिभर्स २०२४' को शीर्ष उपाधि नेपालकी मनिषा राजवंशीले हातपारेकी छिन् ।

थाइल्याण्डमा भएको मिस हेरिटेज पेटिट युनिभर्स २०२४' को शीर्ष उपाधि नेपालकी छोरी मनिषा राजवंशीले जितेकी छीन् । हालै भएको थाइल्याण्डको बैंककमा आयोजित मिस हेरिटेज पेटिट युनिभर्स २०२४ प्रतियोगितामा ४३ ओटा देशको प्रतिस्पर्धीहरु प्रतिस्पर्धा गरेका थिए । जसमा झापा जिल्लाकी मनिषा राजवंशीले उपधि जित्न सफल भएकी छिन ।

नोभेम्बर ९ देखि १६ सम्म चलेको अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा झापा बाह्रदशी गाउँपालिका वडा नम्बर ६ की राजवंशीले समाज शास्त्रमा एमए गरेकी छीन्। उनी एक असल शिक्षिका पनि हुन्। उनी हाल राजवंशी समुदायको बारेमा थेसिस पनि गरिरहेकी छिन्।

मनिषा राजवंशी भन्छिन् 'म मोडलिङमा यसो ट्राइ गरौँ न भनेर मात्र आएकी होइनँ', 'आदिवासी राजवंशी समुदाय बाट पनि अभिनय र मोडलिङको क्षेत्रमा केही गर्न सक्ने प्रतिभा रहेछन् भनेर स्थापित गर्न यो क्षेत्रमा लागेकी हुँ।' उनि बताउछिन्।

आफ्नो समुदायबाट अभिनय र मोडलिङको क्षेत्रमा खासै उपस्थिति नभएका कारण केही राम्रो गर्ने सोचका साथ मोडलिङ सम्बन्धी प्रतियोगिता र ब्युटी प्याजेन्ट हरूमा भाग लिने गरेको बताउँछिन्।

उनले २०१८ मा मिस राजवंशी (दोस्रो रनर अप), २०१९ मा मिस ग्रेस



मनिषा राजवंशी

काठमाडौं (दोस्रो रनर अप), सन् २०१८ मा मिस राजवंशीको उपाधि जितेकी उनले सन् २०२१ मा मिस डिभाको विनर भएकी थिइन् ।

## अबको...

लाग्नेछन्। तर कसरी ? सूचना-प्रविधि र वैयक्तिक स्वतन्त्रताको भरपुर अनुसरण गर्ने अहिलेको नयाँ पुस्ता आफू 'सफर' भएर विद्रोह गर्ने मूडमा छैनन् । तसर्थ, अबको विद्रोह घरभित्रैबाट सरकारलाई 'सफर' गराउने आइडियामा केन्द्रित हुनेछ । त्यसको सजिलो उपाय भनेको नागरिकले सरकार वा राज्यसँग गर्ने सम्बन्धविच्छेद हो । युवाहरूले घरमै बसेर राज्यलाई असहयोग गर्ने अभियान चलाउनेछन् ।

कर, राजस्व वा जुनसुकै माध्यमबाट सरकारलाई जाने नागरिकको 'योगदान' रोकिनेछ। राज्यका हर्ताकर्ताहरूको हर्कतबाट अति इरिटेशन महसुस भएपछि नयाँ युवाहरू मार्फत नै स्वतस्फूर्त यो अभियान संचालन हुनेछ ।

सामाजिक सुरक्षा, बेरोजगारी भत्तादेखि, स्वास्थ्योपचार सम्म राज्यको सेवा-सुविधाले बाँधिएका जनता (स्टेट ड्रिभन सोसाइटी) लाई सरकारसँगको दूरीले गुजारा चलाउनै गाह्रो हुन्छ, तर हाम्रो देश त राज्यको नीति-नियम र सेवा-सुविधाले जनता जोगिएको देश हैन, उल्टो जनताको संयम, सहयोग र को-अपरेशनबाट सरकार बाँचिरहेको देश ( पिपल ड्रिभन सोसाइटी) हो । तसर्थ, जनताको सानो असहयोगले राज्य तत्क्षण ढल्न सक्छ। देशको राजनीति र नेताहरूको भविष्य अन्तिम क्लाइमेक्सको नाजिक आइपुगेको छ । सच्चिने, सुधार्ने कि सक्किने ? हेक्का रहोस् ! नागरिकको धैर्य अन्तिम चरणमा छ ।

(पेशाले इन्जिनियर पौडेल नेविसंघका केन्द्रीय सदस्य हुन् ।)

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

बासु बहादुर बस्नेत (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ३ को कार्यालय